# ठूलीभेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, डोल्पा

ठूलीभेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुनै, डोल्पा
२०७३

## विनियोजन ऐन

ठूलीभेरी नगरपालिका, डोल्पाको आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७९/०३/१९

**प्रस्तावना:** ठूलीभेरी नगरपालिका, डोल्पाकी आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम ठूलीभेरी नगरपालिका जुफाल, डोल्पाको नवौं नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "ठूलीभेरी नगरपालिका, डोल्पाको विनियोजन ऐन २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७९।०८० को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि १ मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च र अन्य व्यवस्थाको रकम समेत गरी जम्मा रु. ४१,८९,९३,१८२॥ ( अक्षरुपी: एक्चालीस करोड उनानब्बे लाख तिरानब्बे हजार एक सय बयासीए रुपैयाँ मात्र ) मा नबढाई निर्दिष्ट गरिएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोन : (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त ठूलीभेरी नगरपालिका, डोल्पाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेका रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृती लिनुपर्नेछ ।

ठूलीभेरी नगरपालिकाको आ.व. २०७९।०८० को स्रोत अनुमान तथा बजेट सिमा निर्धारण

| सि. नं. | आयको आधार | रकम | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | प्रक्षेपण | |
| | अनुदान | | | | | |
| | सशर्त | २१,३५,००,०००। | २,७३,६०,०००। | | | २४,०८,६०,०००। |
| | सशर्त पुंजिगत | | | | | |
| १ | वि.समानिकरण | ८९२,००,०००। | ८६,२७,०००। | | | ९,७८,२७,०००। |
| | समपुरक | ८०,००,०००। | | | | ८०,००,०००। |
| | विशेष | | | | | |
| | आन्तरिक स्रोत | | | | | |
| | राजस्व | | | ८,५०,२४०। | | ८,५०,२४०। |
| | कर | | | | | |
| २ | गैर कर | | | | | |
| | राजस्व बाँडफाँड | ७,१०,८०,०००। | ३,७५,९४२। | | | ७,१४,५५,९४२। |
| | ऋण | | | | | |
| ३ | आन्तरिक | | | | | |
| | बाह्य | | | | | |
| ४ | अन्य | | | | | |
| | जम्मा | | | | | ४१,८९,९३,१८२। |